नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२०८ दायर मिति:-२०८१/०९/०१**

**वादी** **फैसला मिति:-२०८१/११/२७** **प्रतिवादीहरु**

**चन्देश्वर साह तेलीको जाहेरीले**

**नेपाल सरकार............................१**

**जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.२३ बस्ने सिकेन्द्र प्रसाद यादवको छोरा वर्ष २१ को नागेश्वर प्रसाद यादवसमेत ८ जना......१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भइ यस मुद्दाको साक्षेस तथ्य एव ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. जाहेरवालाको दाजुलाई गाली गलौज गर्दै हातपात समेत गरी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका जय प्रकाश प्रसाद यादव समेतको घटनाविवरण कागज।

४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

५. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।

६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादी अन्सारुल अन्सारीले साविती बयान गरेको र प्रतिवादीहरु नागेश्वर प्रसाद यादव, सोहैल अंसारी, सुरज पडित, दिपक यादव, अर्जुन यादव, भरत कुशवाहा र जयराम बैठ समेतले ईन्कारी बयान गरेतापनि, मिति २०८१।०६।०१ गते अ.२१:३० बजेको समयमा मेरो दाई मुन्ना साह तेली जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.२३ स्थित आफैले संचालन गरेको राजन पानी उद्योगमा बसिरहेको अवस्थामा पानी माग गर्दा नदिएको विषयलाई लिई अनाधिकृत रूपमा उद्योग भित्र विपक्षीहरू नागेश्वर प्रसाद यादव, अलु भन्ने अन्सारूल अंसारी, सोहैल अंसारी, सुरज पडित, दिपक यादव, अर्जुन यादव, भरत कुशवाहा र जयराम बैठा समेत प्रवेश गरी बिना कारण चारैतिरबाट घेराहाली अश्लिल गाली गलौज गर्दै लात, मुक्का र लाठी समेतले कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी पानीको विषयलाई लिई प्रतिवादीहरुले जाहेरवालाको दाजु मुना साहलाई गाली गलौज तथा हातपात समेत गरी अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु नागेश्वर प्रसाद यादव, अलु भन्ने अन्सारूल अंसारी, सोहैल अंसारी, सुरज पडित, दिपक यादव, अर्जुन यादव, भरत कुशवाहा र जयराम बैठालाई जनही जरिवाना रु.११५०/- अक्षेरपी एक हजार एक सय पचास मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु नागेश्वर प्रसाद यादव, अलु भन्ने अन्सारूल अंसारी, सोहैल अंसारी, सुरज पडित, दिपक यादव, अर्जुन यादव, भरत कुशवाहा र जयराम बैठालाई ठहरेको जरिवाना निजहरुले क्रमशः र.नं.२२०, २२१, २२२, २२३, २२४, २२५, २२६ र २२७/२०८१/१०/२८ बाट दाखिला गरेको जनही धरौटी रकम रु.११५०/- बाट जनही जरिवाना रकम रु.११५०/- कट्टी गर्नु------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु--------------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना २७ गते मंगलवार रोज ३/ ने.सं. ११४५ चिल्लाथ्व द्वादशी,शुभम् ........